श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. २१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह्देव देवानाम् सदा समरविजयिनाम् ।**

### नगर विकास समिति ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– नगर विकास समिति ऐन, २०१६ मा केही संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नगर विकास समिति (संशोधन) ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा देहाय बमोजिमको दफा ६ राखिएको छः–

६. समिति र बोर्डको काम, कर्तव्य र अधिकारः– (१) समितिले नगरको सुनि-योजित विकासको योजना बनाई सो योजना कार्यान्वित गर्न सक्नेछ ।

(२) उप-दफा (१) को प्रयोजनको लागि समितिलाई देहायमा लेखिए बमोजिमको अधिकार हुनेछः–

493

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नगरलाई विभिन्न क्षेत्रहरूमा विभाजित गर्ने,

(ख) नगर वा नगरको कुनै क्षेत्रमा भवन निर्माणको योजना र शर्तहरू निर्धारित गर्ने, तथा त्यस्ता भवनहरूको ढांचा वा तरीका तोक्ने,

(ग) मनासिब माफिकको क्षतिपूर्ति दिई नगरको कुनै क्षेत्रमा कुनै वा कुनै खास किसिमका जग्गामा भवन बनाउन मनाही गर्ने, र

(घ) आवश्यक देखिएमा दफा ७ बमोजिम जग्गा प्राप्त गर्ने ।

(३) उप-दफा (१) र (२) मा लेखिएदेखि बाहेक समितिका अन्य काम, कर्तव्य र अधिकारहरू यो ऐन र अन्य प्रचलित नेपाल कानूनका अधीनमा रही श्री ५ को सरकारले समितिको संस्थापन हुंदाको बखत र त्यसपछि समय समयमा सूचित आदेशद्वारा तोकिदिए बमोजिमको हुनेछ ।

(४) यस ऐन बमोजिम समितिको सबै अधिकारहरूको प्रयोग र कर्तव्यको पालन बोर्डले गर्नेछ ।

लालमोहर सदर मिति २०२३।६।६।१

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९४